नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं. 238

मितिः २०८२/१०/०२

श्री गाउँपालिका (सबै)

श्री नगरपालिका (सबै)

**विषयः निर्णय कार्यान्वयनको लागि आवश्यक समन्वय तथा सहजिकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. १.६/स.व्य.प्र./२०८२/०८३, च.नं. ३९० मिति २०८२/०९/२८ को पत्रानुसार माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रा.डा. श्री कुमार ईङनामको अध्यक्षतामा बसेको बैठकवाट स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको **सेवा प्रवाह सुधार सम्बन्धी कार्ययोजना** को क्र.सं. २ मा उल्लेखित सहकारी सम्बन्धी पत्रको छायाँ प्रति यसैसाथ संलग्न राखी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ,

सहकारी व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा ।

श्री सूचना प्रविधि शाखा, सबै जि.स.स./ गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन ।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(सहकारी व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५

सिंहदरबार, काठमाडौं


पत्र संख्याः- १.६/स.व्य.प्र./२०८२/०८३

च.नं. ३९०

मितिः- २०८२/०९/२८

नेपाल संवत् ११४६

विषयः- समन्वय सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा यस मन्त्रालय र मातहतका निकायबाट हुने सेवा प्रवाह सुधारका लागि मिति २०८२/९/१८ मा माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रा.डा. श्री कुमार इङ्नामज्यूको अध्यक्षतामा बसेको बैठकबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको **"सेवा प्रवाह सुधारसम्बन्धी कार्ययोजना"** को क्र.सं. २ मा उल्लेखित सहकारी सम्बन्धी निम्न विषयहरु स्थानीय तहसँग समेत सम्बन्धित रहेकोले उक्त विषय कार्यान्वयनका लागि सबै स्थानीय तहहरुमा समन्वय र परिपत्र गरिदिनु हुन मन्त्रालयको मिति २०८२/०९/२८ को निर्णयानुसार अनुरोध छ।

तपसिलः

१. बचत तथा ऋण सहकारी लगायत सबै प्रकारका सहकारी संस्थाहरुको सहकारी ऐन र नियमावली बमोजिम विवरण अद्यावधिक गर्नेः- सञ्चालनमा रहेका सबै प्रकृतिका सहकारी संस्थाहरुको समष्टिगत विवरण कोपोमिस प्रणालीमा पूर्ण रुपमा अद्यावधिक गर्ने।

२. बचत तथा ऋण सहकारीमा नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले तोकेको मापदण्ड पालना एवम् कार्यान्वयन अनुगमन गर्नेः- आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, सहकारी विभाग वा प्रदेश सहकारी रजिष्ट्रार/दर्ता अधिकारीको कार्यालयसँग समन्वय गरी बचत तथा ऋण सहकारी संस्थाहरुको स्थलगत तथा गैरस्थलगत अनुगमन गर्ने।

..........................
(प्रेमराज लुइँटेल)
शाखा अधिकृत

बोधार्थः-
श्री सहकारी विभाग,
नयाँ बानेश्वर, काठमाडौं।